# SWABALAMBAN LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu

## UNAUDITED FINANCIAL RESULTS

### As at 3rd Quarter (2079/12/30) of Fiscal Year 2079/80

| S.No. | Particulars | This Quarter Ending (Chaitra end 2079) | Previous Quarter Ending (Paush end 2079) | Corresponding Previous Year Quarter ending (chaitra end 2078) |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities** | **21,504,284,936** | **22,406,030,946** | **21,477,295,495** |
| 1.1 | Paid Up Capital | 1,290,495,500 | 1,122,170,000 | 1,122,170,000 |
| 1.2 | Reserve and Surplus | 1,698,023,525 | 2,081,356,835 | 1,843,162,155 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 4,213,306,747 | 5,016,740,134 | 5,479,851,930 |
| 1.5 | Deposit (a+b) | 13,038,485,835 | 12,690,783,315 | 11,624,081,575 |
| | a. Domestic Currency | 13,038,485,835 | 12,690,783,315 | 11,624,081,575 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | - | - | - |
| 1.7 | Other Liabilities | 1,263,973,329 | 1,494,980,662 | 1,408,029,834 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **21,504,284,936** | **22,406,030,946** | **21,477,295,495** |
| 2.1 | Cash and Bank Balance | 154,391,355 | 153,750,267 | 214,399,687 |
| 2.2 | Money at Call and Short Notice | 665,610,605 | 432,605,010 | 212,173,475 |
| 2.3 | Investments | 328,000,000 | 712,000,000 | 2,000,000 |
| 2.4 | Loans and Advances | 18,495,409,980 | 19,160,501,574 | 19,569,586,361 |
| 2.5 | Fixed Assets | 58,788,459 | 52,423,988 | 55,201,088 |
| 2.6 | Non Banking Assets. | - | - | - |
| 2.7 | Other Assets | 1,802,084,538 | 1,894,750,107 | 1,423,934,883 |
| **3** | **Profit & Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 2,189,675,895 | 1,485,941,593 | 2,070,650,155 |
| 3.2 | Interest Expense | 1,142,120,427 | 777,176,192 | 1,099,776,600 |
| | **A. Net Interest Income (3.1-3.2)** | **1,047,555,468** | **708,765,401** | **970,873,555** |
| 3.3 | Fees, Commission and Discount | 7,979,724 | 5,206,500 | 12,041,261 |
| 3.4 | Other Operating Income | 285,261,763 | 204,161,986 | 309,409,917 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | - | - | - |
| | **B. Total Operating Income** | **1,340,796,955** | **918,133,887** | **1,292,324,734** |
| 3.6 | Staff Expenses | 615,487,207 | 366,151,093 | 452,542,437 |
| 3.7 | Other Operating Expenses | 120,822,750 | 80,434,525 | 91,850,986 |
| | **C. Profit Before Provision** | **604,486,998** | **471,548,268** | **747,931,311** |
| 3.8 | Provision for Possible Losses | 728,627,372 | 279,268,516 | 322,794,088 |
| | **D. Operating Profit (C-3.8)** | **(124,140,374)** | **192,279,752** | **425,137,223** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 280,868,956 | 188,923,777 | 25,998,927 |
| | **E. Profit from Regular Activities** | **156,728,583** | **381,203,530** | **451,136,150** |
| 3.11 | Extra-ordinary Income/Expenses (Net) | 58,654 | 58,654 | 31,700 |
| | F. Profit before Bonus and Taxes | 156,787,236 | 381,262,183 | 451,167,850 |
| 3.12 | Provision for Staff Bonus | 15,678,724 | 38,126,218 | 45,116,785 |
| 3.13 | Provision for Tax | 42,332,554 | 102,940,790 | 121,815,320 |
| | **G. Net Profit/Loss (F-3.12-3.13)** | **98,775,959** | **240,195,176** | **284,235,746** |
| **4** | **Ratios** | **At the end of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Corresponding previous year quarter** |
| 4.1 | Capital Fund to RWA | 9.94% | 12.14% | 11.52% |
| 4.2 | Non Performing Loan (NPL) to Total loan | 12.98% | 7.10% | 4.52% |
| 4.3 | Total Loan Loss Provision to NPL | 71.82% | 105.02% | 108.66% |
| 4.4 | Cost of Funds | 9.01% | 8.84% | 9.21% |
| 4.5 | Credit to Deposit Ratio(Calculated as per NRB Directives) | 156.44% | 163.15% | 177.06% |
| 4.6 | Base Rate | 14.74% | 12.74% | |

Note : The above financial performance & position are subject to change from supervisory authority and Statutory Auditor.

| Interest Rate | | | |
|---|---|---|---|
| **Savings** | **7.5%-10%** | **Loan and Advance** | **15%** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची – १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७९/८० को तेश्रो त्रैमासिक विवरण

**१. वित्तीय विवरण** :

(क) वित्तीय संस्थाको तेश्रो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी | (मूल्य आम्दानी अनुपात) P/E ratio | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.१०/२१ | ७९.३७% | रु.२३१/५८ | रु.१,६६६/– | ५.९१% |

**२. व्यवस्थापकीय विश्लेषण** :

(क) **यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनैं परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :

चालु आ.व.२०७९/८० को तेश्रो त्रेमासिक अबधिमा वाह्य कारणले गर्दा वित्तीय कारोबारमा असर पर्न गई व्यवस्थापनले अनुमान गरे अनुसारको नतिजा प्राप्त गर्न सकेको छैन। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएका वाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमको विश्लेषण गर्दै वित्तीय कारोबारहरु संचालन गर्दै आईरहेको छ। हाल लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु विस्तारै सुधार भई चालु आ.व.२०७९/८० को बाँकी अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :

राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले गरीबी मुक्त समृद्ध समाज स्थापना गर्न सहयोग गर्ने, लघुवित्त सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक सामाजिक अवस्था सुधार गर्ने र स्थानीय श्रोत साधन तथा सीपको भरपुर उपयोग गरी आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन विपन्न तथा न्यून आय भएका घरपरिवारलाई लघुकर्जाको सहज पहुँचको उपलब्धतालाई अभिवृद्धि गर्ने उद्देश्यले नेपाल भरीनै लघुवित्त सेवा क्रमशः विस्तार गर्दै गएको छ। हाल ६१ जिल्लाको १४५ वटा शाखा कार्यालय मार्फत २ लाख ६२ हजार ४ सय ५ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस तेश्रो त्रैमासिक समीक्षा अवधि सम्ममा लगानीमा रहेको कर्जा रु. २० अर्ब ३९ करोड ७३ लाख ६० हजार र बचत रु १३ अर्ब ०३ करोड ८४ लाख ८५ हजार पुर्‍याई सकिएको छ। यस संस्थाले सूचना प्रविधिको प्रयोग गरी छिटो छरिटो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) आगामी दिनमा कार्यक्रम बिस्तार गर्दा लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रहरुलाई विशेष प्राथमिकता दिइने छ।

(घ) प्रभावकारी व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीको आधारमा वित्तीय संस्थाले आफ्नो सेवालाई अझ बढी ग्राहकमुखी बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ। यसको लागि कर्मचारी तथा ग्राहकको क्षमता अभिवृद्धिमा अरु वढी ध्यान दिइनेछ।

(ङ) **विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :

हालको परिस्थितिमा सम्पूर्ण बैकिङ प्रणाली नै तरलता अभावको अवस्थामा गुज्रिरहेको छ। यस अवस्थामा संस्थाले उपयोग गरिरहेको सापटीको ब्याजदरमा भएको परिवर्तनले ब्याज खर्च बढ्ने र संस्थाको ब्याजदर अन्तरमा केही असर पर्ने देखिन्छ। उपरोक्त वाहेक लघुवित्त संस्थाहरुको बारेमा गरिएका नाकारात्मक टिका टिप्पणी, लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना र बहुबैकिङ्ग कारोबार आदि कारणले वित्तीय संस्थालाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले सोको उचित व्यवस्थापन गरिँदै आएको छ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण** :

(क) समीक्षा अवधिमा वित्तीय संस्थाले कसैको बिरुद्धमा मुद्दा दायर गरेको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोवारको अवस्था भने सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समीक्षा अवधिमा वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य : | कारोबार भएको कूल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.१,२६२/– | रु.६९१/– | रु.८१०/– | ५६ | ४,१७९ |

**५. समस्या तथा चुनौती** :

हालको परिस्थितिमा सम्पूर्ण बैकिङ प्रणालीमा सापटीको ब्याजदर बढ्दै जानु, सदस्यहरुको बढ्दो दोहोरोपना, बहुबैकिङ्ग कारोबार, पुराना तथा दक्ष कर्मचारीहरुको वहिर्गमन (ड्रपआउट), बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको ब्याजदरको वृद्धिले Cost of Fund वृद्धि, नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नीतिगत परिवर्तन र सोबाट सृर्जित हुन सक्ने समस्या आदिलाई वित्तीय संस्थाले समस्या तथा चुनौतिका रुपमा लिएको छ। वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितब्ययिता अपनाईने छ।

**६. संस्थागत सुशासन** :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्ध पत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कर्जा नीति बनाई लागू गरिएको छ। साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति र सम्पत्ती शुद्धिकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।